# प्रदेश लोक सेवा आयोग

कोशी प्रदेश, विराटनगर, नेपाल

(अन्तर्वार्ता तथा सिफारिस शाखा)

## वन रक्षक पदको अग्रिम अन्तर्वार्ता सम्बन्धी सूचना

## सूचना नं. ३९४/०८१-०८२ मिति २०८२/१/२६

यस आयोगको विज्ञापन नं. ३००१-३००७/०८१-८२ (खुला तथा समावेशी) प्रदेश वन सेवा, जनरल फरेष्ट्री समूह, सहायक स्तर तेश्रो तह, वन रक्षक पदको लागि आयोगको सूचना नं. ३६२/०८१-८२, मिति २०८२/१/१६ गते प्रकाशित प्रयोगात्मक र लिखित परीक्षाको नतिजा बाट अन्तर्वार्ताका लागि छनौट भएका केही उम्मेदवारहरुले अग्रिम अन्तर्वार्ता लिईदिन यस आयोगमा उपस्थित भई निवेदन पेश गरेको हुँदा प्रदेश लोक सेवा आयोग नियमावली, २०८१ को नियम ३७ बमोजिम त्यस्ता निवेदकहरुको हकमा मिति २०८२/१/२८ गते विहान ११:०० बजे यस आयोगमा अग्रिम अन्तर्वार्ता लिने निर्णय भएको व्यहोरा सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। निवेदन दिएका उम्मेदवारहरुले अन्तर्वार्ता दिन आउँदा आफ्नो पासपोर्ट साइजको फोटो २ प्रति, नेपाली नागरिकताको प्रमाणपत्र, आवश्यक न्यूनतम योग्यता यकिन हुने सम्पूर्ण प्रमाणपत्र र अन्य आवश्यक कागजातहरू सक्कलसहित सो को प्रतिलिपि (आफैंले प्रमाणित गरी) २/२ प्रति र प्रवेशपत्र लिई तोकिएको समयभन्दा १ (एक) घण्टा अगावै उपस्थित भई आवश्यक कागजात रुजु गराउनु पर्नेछ। आवश्यक न्यूनतम योग्यता तथा अन्य आवश्यक कागजातको प्रमाणपत्रहरू पेस हुन नसकेमा दरखास्त रद्द हुनेछ। अन्तर्वार्ताका दिन सार्वजनिक विदा पर्न गएमा पनि उक्त कार्यक्रम यथावत् सञ्चालन हुनेछ।

२०८२।१।२६

(केशवप्रसाद अर्याल)

उपसचिव